आज मिति २०७७ साल फाल्गुन १४ गते शुक्रवारका दिन जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख एवं जिल्ला सभाका अध्यक्ष श्री देवेन्द्र बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको पाँचौ जिल्ला सभाको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थितिः

| | | | |
|---|---|---|---|
| | अध्यक्ष | श्री देवेन्द्र बहादुर के.सी | प्रमुख, जि.स.स.म्याग्दी |
| | जिल्ला सभा सदस्य | श्री हरिकुमार श्रेष्ठ | प्रमुख,बेनी नगरपालिका |
| | जिल्ला सभा सदस्य | श्री थमसरा पुन | अध्यक्ष, धवलागिरी गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री श्रीप्रसाद रोका | अध्यक्ष,मालिका गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री सतप्रसाद रोका | अध्यक्ष,मंगला गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री भव बहादुर भण्डारी | अध्यक्ष,रघुगंगा गाउँपालिका |
| | जिल्ला सभा सदस्य | क्या.श्री डम बहादुर गर्बुजा | अध्यक्ष,अन्नपूर्ण गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री सञ्जु वरुवाल | उपप्रमुख बेनी नगरपालिका म्याग्दी । |
| | जिल्ला सभा सदस्य | श्री रेशम छन्त्याल | उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री खरमाया बिटालु | उपाध्यक्ष, मालिका गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री सृजना के.सी. | उपाध्यक्ष, मंगला गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री कमला तिलिजा | उपाध्यक्ष, रघुगंगा गाउँपालिका |
| | जिल्ला सभा सदस्य | श्री केशमाया मगर | उपाध्यक्ष, अन्नपूर्ण गाउँपालिका |
| | सदस्य सचिव | श्री आकांक्षा रिजाल | नि.जि.स.स. म्याग्दी । |

Scanned with CamScanner

विशेष उपस्थिति :

| | | | |
|---|---|---|---|
| | श्री लोक बहादुर मल्ल | उप प्रमुख | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री बोमाया गर्बुजा | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री रामदेवी पून | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री खिम कुमारी पूर्जा | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री मेख बहादुर गर्वुजा पुन | सदस्य | जिल्ला समन्क्य समिति, म्याग्दी |
| | श्री शेर बहादुर के.सी. | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री सुकमाया छन्त्याल | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |
| | श्री हरि बहादुर शाक्य | सदस्य | जिल्ला समन्वय समिति, म्याग्दी |

अन्य आमन्त्रित :

| | | | |
|---|---|---|---|
| | सन्तोष गौतम | पत्रकार | महासंघ म्याग्दी प्रदेश सदस्य |
| | निर्मला थकाली | ना.सु. | जि.स.स. म्याग्दी |
| | सुरेन्द्र श्रेष्ठ | लेखापाल | ,, ,, |
| | चन्द्रप्रसाद छन्त्याल | प्रशासकीय सहायक | ,, ,, |
| | नारायण जोशी | सवारी चालक | ,, ,, |
| | रामजी खत्री | का.स.पं. | ,, |
| | देवसिं घलान | ,, | ,, |

Scanned with CamScanner

निर्णयहरु

नि.नं. १ जिल्ला समन्वय समितिलेआर्थिक वर्ष २०७५।०७६ मा सम्पादन गरेका कार्यहरुको जिल्ला समन्वय अधिकारी मार्फत सभामा पेश भएको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं. २ आर्थिक वर्ष २०७७।०७८ को लागि संघीय सरकारवाट प्राप्त भएको वजेट अख्तियारीको अधीनमा रही वाँडफाँड गरिएको वजेट जिल्ला समन्वय अधिकारी मार्फत सभामा पेश भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं. ३ आर्थिक वर्ष २०७७।०७८ को लागि प्रदेश सरकारवाट प्राप्त हुने वजेट अख्तियारीको अधीनमा रही वार्षिक कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वायन गर्ने अधिकार नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही जिल्ला सभाले जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

नि.नं. ४ जिल्ला समन्वय समितिको मौज्दात कोष र स्थानीय तहको सहकार्यवाट सञ्चालित आयोजनालाई तदारुकताका साथ सञ्चालन गरी निर्धारित समयमा नै सम्पन्न गर्न स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं. ५ स्थानीय तहहरूले आर्थिक वर्ष २०७६।०७७ मा आ-आफ्नो स्थानीय तहभित्र संचालन हुने महत्वपूर्ण( गाउँपालिकाले गौरवको रूपमा ठानेका ) योजना तथा कार्यक्रमहरुको विवरण जिल्ला समन्वय समितिमा पठाई अनुगमन कार्यमा सहयोग गर्ने निर्णय गरियो ।

नि.नं. ६ जिल्लाको ३ वटा स्थानीय तह जोड्ने बेनी - पाखापानी - मल्कवाङ सडकको स्तरोन्ती तथा कालोपत्रे गर्ने कामको लागी पर्याप्त बजेट विनियोजन गर्न प्रदेश सरकार तथा संघिय सरकार मार्फत सम्वन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.७ बेनी नगरपालिकाको हाँडेभिर- वगरफाँट -सुर्केमेला- थामडाँडा र मंगला गा.पा को अर्जेखोला खर्क दह- आरभाङ्ग- थर्युगाउँ -भिँत्रिवन पर्यटकीय क्षेत्र झाँक्रिपानी किचौर हुदै वागलुङ जिल्ला ताराखोला गा.पा संग जोड्ने सडक स्तरोन्नती कार्यको अनुगमन तथा प्रभावकारी कार्यसम्पादन गर्न समन्वय गर्ने निर्णय गरियो ।

नि.नि. ८ जिल्ला सदरमुकाम वेनी वजार वचाउ अभियान कार्यका लागी हाल विनियोजित वजेट अपुग हुने भएकोले पर्याप्त वजेट विनियोजन गर्न संघिय सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नि.९ वेनी न.पा बाट हाडेभिर लम्लीडाँडा हुदै वन्चरेढुंगा रोटेपानी वडा नं २ वडा कार्यालय जाने मोटरवाटो स्तरउन्नति गर्न बजेट विनियोजन गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.१० थामडाँडा देखी मरेक छेपारे डोले हुदै स्वर्गाश्रम जाने मोटरवाटो मर्मत र स्तउन्नति गर्न पहल गर्ने निर्णय गरियो ।

नि.न.११ मंगला गा.पा वडा नं २ सिम- कोत्रवाङ्ग- खुम्ल्या -पयुँपाटा- कुहुँ -पूर्णगाउँ हुदै मंगला गा.पा र रघुगंगा गा.पा को संगम स्थल पर्यटकीय क्षेत्र टोड्के सडक कालोपत्रे सम्बन्धमा आवश्यक बजेट व्यवस्था गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.१२ मंगला गा.पा को केन्द्र स्थल वाबियाचौर बजार म्याग्दी नदिको कटानवाट संरक्षण गर्न आवश्यक वजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.१३ पोक -नेटा -अर्मन र ताराखोला जोड्ने सडक निर्माण कार्यमा ढिलासुस्ती भएकोले सो सम्बन्धमा स्थानिय तह सँग समन्वय गरि अनुगमन गरी आवश्यक निर्देशन दिने निर्णय गरियो ।

नि.नि.१४ म्याग्दी नदी तटवन्ध गरी दरवाङ्ग बजार संरक्षण गर्न आवश्यक वजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.१५ दरवाङ्ग- फूलबारी- अधिभारा हुदै किटिनी तमान -वुर्तिवाङ्ग सडक स्तरोन्नती र कालोपत्रे सडक निर्माण गर्न वजेट व्यवस्था गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो।

नि.नि.१६ मालिका गा.पा ५-१ जोड्ने रितुङ्गखोला पक्कीपुल निर्माण गर्न आवश्यक वजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.१७ अधिभारा रुम टाक्से खर्वाङ्ग ताराखोला जोड्ने मोटरवाटो निर्माण कार्य गर्न आवश्यक वजेट व्यवस्था गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.१८ खोरवाङ्ग घाट म्याग्दी खोला मोटरेवल पुल निर्माण गर्न आवश्यक बजेट व्यवस्था गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं. १९ म्याग्दीजिल्लालाई हिमाली जिल्लामा समावेश गरिएको भएता पनि हिमाली जिल्ला सरह सेवा सुविधा प्राप्त हुन नसकेकोमा हिमाली जिल्लाको मापदण्ड अनुसारका सेवा सुविधा सबै क्षेत्रमा लागु गर्न संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नि.२० धवलागिरी गा.पा वडा नं ४ र ७ दुवैलाई २/२ वडा कायम गर्न सङ्घीय सरकारमा सिफारिस गर्ने निर्णय गरियो।

नि.नि.२१ धवलागिरी गा.पा.को मुदी- खिवाङ जोड्ने मोटरेवल पुलमा आवश्यक बजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.२२ धवलागिरि गा.पा.को मराङ र मल्कवाङ्ग जोड्ने मोटरेवल पुल मा आवश्यक वजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नं. २३ म्याग्दी जिल्ला धौलागिरी गा.पा ताकम धारापानी लुलाङ लम्सुङ हुदै बाग्लुङ ढोरपाटन जोड्ने सडकको लागी आवश्यक वजेट विनियोजनको लागी संघिय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.२४ राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माणाधिन कालीगण्डकी करिडोर सडक आयोजनाको यस म्याग्दी जिल्ला खण्डमा पर्ने वेगखोलामा सडक पुल निर्माणको लागी आवश्यक प्रक्रिया अगाडी वढाउन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.२५ टोड्के परिसरमा टोड्के भ्यूटावर निर्माण गर्न र स्वर्गाद्वारी शाखा आश्रमको पुननिर्माण गर्नको लागी वजेट विनियोजन गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.२६ रघुगंगा गा.पा लाई दुई गा.पा मा विभाजन गर्न र हालको वडा नं.३ लाई दुईवटा वडामा विभाजन गर्न सङ्घीय सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

नि.नि.२७ रघुगंगा गा.पा को गलेश्वर वस्ती, गायत्री मन्दिर, तिल्किनी वस्ती र घुमाउने ताल वस्ती पहिरो र मनसुनजन्य वाढको उच्च जोखिममा रहेकोले वस्ती संरक्षण गर्न आवश्यक योजना बनाउन प्रदेश सरकारलाई अनुरोध गर्ने । उच्च जोखिममा रहेका वस्तीको भूगर्भविदवाट अध्ययन अनुगमन हुन भूगर्भ विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि. २८ रघुगंगा गा.पा वडा नं ८ को याङले र खरिबोट जोड्ने क्षतिग्रस्त पुलको पुननिर्माण गर्न वजेट व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

नि.नि.२९ रघुगंगा गा.पा. ३ गलेश्वर गायत्री हुदै धवलागिरी आइसफल सम्म म्याग्दी जिल्लाका ६ वटै पालिकालाई जोड्ने पदमार्ग निर्माण गर्न बजेट विनियोजनका लागी सङ्घीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं. ३० म्याग्दी जिल्लाको अन्नपूर्ण गा.पा वडा नं ७ महभिर देखी पर्वत जिल्ला जलजला गा.पा वडा नं ५ फलामेडाँडा जोड्ने सडकको स्तरोन्नतीको लागी पर्याप्त वजेट विनियोजन गर्न गण्डकी प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.३१ कालीगण्डकी करिडोर र कालीगण्डकी पहिरोको कारण महभिरदेखी काभ्रेसम्म दुवैतर्फका वस्ती जोखिममा रहेकोले वस्ती संरक्षण र पहिरो नियन्त्रण गर्न वजेट व्यवस्था गर्न गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.३२ अन्नपूर्ण गा.पा भित्रका विभिन्न कुण्डको DPR गरिएकोमा सो को व्यवस्थापन र पर्यटन विकास गर्न वजेट विनियोजन गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.३३ अन्नपूर्ण गा.पा वडा नं ५ र ७ भौगोलिक रुपमा छरिएको वडा भएकोले विभाजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

नि.नि.३४ म्याग्दी जिल्ला अन्नपूर्ण गा.पा. वडा नं.५ चित्रे देखी घोरेपानी हुदै कास्की जिल्लाको अन्नपुर्ण गा.पा. उल्लेरी सम्म सडक निर्माण तथा स्तरोन्नतीको लागि आवश्यक वजेट विनियोजन गर्नका लागि गण्डकी प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.३५ अन्नपूर्ण गा.पा.को धराम्दीदेखी खिवाङ सम्म मोटरबाटोको ट्र्याक खोली वडा नं ६ र ७ जोड्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

नि.नि.३६ घोरेपानी, पुन हिल, फुलवारी, मोहरे, खोप्रा, अन्नपूर्ण नर्थवेल लगायत क्षेत्रको पर्यटन प्रवर्धन गर्न आवश्यक वजेट व्यवस्था गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नि.३७ संघिय र प्रदेश सरकारवाट बाट संचालित आयोजना र विकास निर्माण कार्यको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने निर्णय गरियो ।

नि.नि.३८ जोखिमयुक्त सडकको नियन्त्रण र संरक्षण, अलपत्र योजना, म्याद सकिएका योजनाको समस्या समाधान गर्न अनुगमन प्रभावकारी वनाई विषयगत कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

नि.नि.३९ जि.स.स ले संघ र प्रदेश सरकारवाट सञ्चालित आयोजनाको समन्वय गरी आयोजनाको लगत संकलन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner